# करैयामाई गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### करैया, बारा

**स्थानीय राजपत्र**

खण्डः ८ संख्याः ४ मितिः २०८१/१०/२९

भाग - २

# करैयामाई गाउँपालिकाको

# शिक्षा नीति, २०८१

**कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/१०/२८ गते**

# विषय सूची


१. पृष्ठभूमि ........................................................................ १
२. विद्यमान अवस्था ................................................................ २
३. अवसर र चुनौती ................................................................ ४
४. नीतिको आवश्यकता ............................................................ ५
५. दीर्घकालीन सोंच ................................................................ ५
६. लक्ष्य ............................................................................. ५
७. उद्देश्यहरु ........................................................................ ५
८. प्रमुख नीतिहरु .................................................................. ६
९. रणनीति तथा कार्यनीति ......................................................... ७
रणनीति १: प्रारम्भिक बाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षामा सवै वालवालिकाको पहुँचवृद्धि गर्ने । ७
रणनीति २: सबै विद्यालय बालमैत्री अवधारणामा संचालन गर्ने ।................................ ७
रणनीति ३: निशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा गुणस्तरीय माध्यमिक शिक्षा प्रदान गर्ने ।. ९
रणनीति ४: विद्यार्थीलाई विद्यालयमा टिकाईराख्न विद्यालय-अभिभावक सम्वन्ध विकास गर्ने । ..१०
रणनीति ५: विपन्न एवं सीमान्तकृत वर्गका बालबालिका केन्द्रीत आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रम संचालन गर्ने । ............................................................ ११
रणनीति ६: बहुभाषा शिक्षा संचालन गरि तल्ला तहका बालबालिकाको सिकाइ उपलब्धीमा बृद्धि गर्ने । १२
रणनीति ७: प्राविधिक शिक्षा र व्यवसायिक तालिममा पहुंच वृद्धि गर्ने ।..................... १२
रणनीति ८: विद्यालयमा सुशासन कायम गर्ने ।.............................................. १३
रणनीति ९: विद्यालय व्यवस्थापन समितिको कामलाई प्रभावकारी वनाउने । ................. १४
रणनीति १०: अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी वनाउने ।........................ १४
१०. नीति मूलप्रवाहीकरण ............................................................ १५
११. नीति कार्यान्वयन ................................................................ १५
१२. वित्तीय व्यवस्था ................................................................. १६
१३. साझेदार निकायको भूमिका ...................................................... १६
१४. कानूनी व्यवस्था ................................................................. १७
१५. अनुगमन तथा प्रतिवेदन ......................................................... १७
१६. अपेक्षित नतिजा/उपलव्धी ....................................................... १७
१७. नीतिको पुनरावलोकन/समीक्षा/मूल्यांकन....................................... १७
१८. नीति कार्यान्वयन कार्य योजना.................................................. १८


करैयामाई गाउँपालिका

# पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने व्यवस्था गरेको छ। त्यस्तै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश, स्थानीय तह गरी तीन तहको हुने र नेपालको संविधान र कानून बमोजिम तीनै तहले राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको अनुसूची क्रमश ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारलाई अनुसूची ९ मा समावेश गरेको छ। जसमा तहगत सरकारहरू आफ्ना अधिकार क्षेत्रका विषयमा कानून बनाउने, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन तथा नतिजा मापनका लागि स्वायत्त हुने व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा २१६ ले स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधिनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित हुने व्यवस्था गरेको छ। स्थानीय कार्यकारिणी अधिकार संविधानको अनुसूची ८ र ९ मा सुचिकृत गरीए अनुसार हुने व्यवस्था रहेको छ। स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार अनुसूची ८ मा आधारभूत तथा माध्यामिक शिक्षा र अनुसूची ९ मा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानको अनुसूची ८ र ९ मा उल्लेख भएका स्थानीय तहको एकल अधिकार र साझा अधिकारको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा विस्तृत उल्लेख गरेको छ। जसमा शिक्षा सम्बन्धमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनः सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमनः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमनः मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन लगायत निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन, गरि २२ वटा अधिकार व्यवस्था छ। संविधानको अनुसूची र स्थानीय सरकार संचालन ऐन,२०७४ ले दिएको स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, बार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन शैक्षिक योजनाहरु तयार गर्न र शिक्षा सम्बन्धी ऐन, नियमहरु, निर्देशिकाहरु कार्यबिधिहरु निर्माण गर्न शिक्षा नीतिले निर्देश गर्दछ।

करैयामाई गाउँपालिकाले शिक्षा लगायतका विषयगत क्षेत्रमा रहेका समस्या समाधान गरी यस गाँउपालिका क्षेत्रभित्रका विद्यालयहरुमा समाजका सबै बर्ग र समुदायका बालबालिकाहरुको सहज

पहुँच सुनिश्चित गर्न, बिद्यालय शिक्षालाई गुणस्तरीय बनाउन, राष्ट्रिय पाठ्यक्रम प्रारुपले तोकेका सक्षमताहरु विकास गर्न, शिक्षण संस्थालाई लैंगिकमैत्री, अपांगतामैत्री, बालमैत्री तथा समाबेशी बनाउन र शैक्षिक संस्थाहरुको बिकास, व्यवस्थापन र नियमनका लागि, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (ज) ले दिएको अधिकार प्रयोग गरी करैयामाई गाउँपालिकाले यो “शिक्षा नीति” २०८१ जारी गरेको छ।

## १. विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार कूल ५,०५१ घरधुरी रहेको यस गाउँपालिकाको जनसंख्या २९,१६५ छ। जसमा महिला १४,५१४ र पुरुष १४,६५१ रहेका छन्। कूल जनसंख्या मध्ये करिव ४१ प्रतिशत बालबालिका र ३२ प्रतिशत विद्यालय उमेर समूह (५ देखि १८ वर्ष) का बालबालिका रहेका छन्। यहाँको साक्षरता दर ६५.१८ प्रतिशत (महिला ५५.५९ र पुरुष ७४.७३ प्रतिशत) रहेको देखिन्छ।

करैयामाई गाउँपालिकामा सामुदायिक विद्यालयमा ६४७२ जना र संस्थागत विद्यालयमा १२२१ जना विद्यार्थी अध्ययनरत छन् ( EMIS 2081) । यहाँ सामुदायिक आधारभूत विद्यालय १६, माध्यमिक विद्यालय ४ र मदरसा १ वटा रहेका छन्। यसैगरी संस्थागत विद्यालय अर्न्तगत आधारभूत तह(१ देखि ८) का ६ वटा रहेका छन्। गाउँपालिकाका कुनै पनि वस्तीबाट आधारभूत विद्यालय सम्म पुग्न १५ मिनेट भन्दा वढी समय लाग्दैन। ८४ प्रतिशत सामुदायिक र १६ प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत छन् (EMIS 2081)।

हरेक वर्ष विद्यालय भर्ना अभियान संचालन गरिएको छ तर यो प्रभावकारी नहुँदा अधिकांश विपन्न र सीमान्तकृत बालबालिका विद्यालय भर्ना हुन सकेका छैनन्। सामुदायिक विद्यालयमा सरदर भर्नादर बालिकाको ७० प्रतिशत र बालकको ३० प्रतिशत रहेको छ। अधिकांस अभिभावकहरुमा छोरालाई संस्थागत र छोरीलाई सामुदायिक विद्यालयमा पढाउने प्रवृत्ति भएका कारण यस्तो हुन गएको हो। यसमध्ये पनि कक्षा छोड्ने दर वढी रहँदा शैक्षिक अवस्था कमजोर रहेको छ। गाउँपालिकाभरका विद्यालयको औषत अनुपात हेर्दा करिव १५ प्रतिशत विद्यार्थी कक्षामा अनुपस्थित हुने गरेका छन्। यसमा अधिकांश बालिका र विपन्न तथा सीमान्तकृत वर्गका बालबालिका रहेका छन्।

समयमा पाठ्यपुस्तक प्राप्त हुन नसक्दा पठनपाठन प्रभावित भएको छ। स्थानीय पाठ्यक्रम लागु गरिएको छैन । अभिभावक र बालबालिकाहरु समेतको आकर्षण अंग्रेजी विषयमा छ तर यसलाई प्रभावकारी वनाउन सकिएको छैन। गाउँपालिकामा प्राविधिक तथा व्याबसायिक शिक्षाको आवश्यकता देखिन्छ। तर यहाँ यसको व्यवस्थापन हुन सकेको छैन । यस गाउँपालिका भरमा एक विद्यालयमा मात्र पशुपालन सम्बन्धी पढाइ हुने गरेको छ। सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम रहँदा

करैयामाई गाउँपालिका

शिक्षक-विद्यार्थी अनुपातमा सामन्जस्यता कायम गर्न सकिएको छैन । यसका कारण विद्यालय मर्जर नीति ल्याउनु पर्ने देखिन्छ ।

विद्यालयको भौतिक पूर्वाधार कमजोर रहेको छ। यसको लागि गाउँपालिकाले हरेक वर्ष बजेट व्यवस्था गरेको भए तापनि सो प्रयाप्त छैन । अधिकांश विद्यालयमा खेल मैदानको उचित व्यवस्था छैन । बालबालिकाहरु घाँसे मैदानमा खेल्न वाध्य भएका छन् । विद्यालयमा खासै अतिरिक्त क्रियाकलाप हुँदैन । पानीको व्यवस्था सहितको शौचालय नहुदा बालबालिका असुविधामा रहेका छन् । यस समस्याका कारण बालिकाहरु खासगरी किशोरीहरु नियमित रुपमा विद्यालय जान सकेका छैनन् । समग्रतामा करैयामाई गाउँपालिकाको शिक्षा क्षेत्रमा देहायका प्रमुख समस्याहरु रहेको छन्:

- सबै बालबालिकालाई विद्यालय भर्ना गर्न नसकिनु ।
- भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाई राख्न नसकिनु ।
- प्रारम्भिक बाल विकास तथा शिक्षाका कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न नसक्नु ।
- सुबिधाबिहिन समुहका बालबालिकालाई विद्यालयमा भर्ना गरी टिकाइराख नसकिनु ।
- शिक्षक र कर्मचारीमा उत्प्रेरणा, मनोबल र कार्यक्षमताको कमी हुनु ।
- तहगत रुपमा योग्य प्रधानाध्यापक र विषयगत रुपमा शिक्षक दरबन्दी कमि रहनु ।
- प्राविधिक तथा व्यबसायिक शिक्षाको विस्तार गर्न नसकिनु ।
- शिक्षा प्रति स्थानीय अभिभावक खास गरि विपन्न र सिमान्तकृत वर्गका अभिभावकको चेतनास्तर वृद्धि गर्न नसकिनु ।
- विद्यालयका शिक्षक, कर्मचारी र प्रारम्भिक बाल बिकास तथा शिक्षाका सहयोगी कार्यकर्ताहरूलाई न्यूनतम् सेवा सुविधा उपलब्ध गराईए तापनि अपेक्षित रुपमा उत्प्रेरणा, मनोबल र कार्यक्षमता वृध्दि गर्न नसक्नु ।

नागरिकको सर्वोत्तम हितलाई केन्द्रमा राखी सार्वजनिक जवाफदेहीता, उत्तरदायित्व, अधिकार र कर्तव्यलाई करैयामाई गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहको मुख्य अवधारणाको रुपमा लिएको छ । नागरिकको सबैभन्दा नजिकको सरकार गाउँपालिका हो । यसर्थ नागरिकका समस्या, आवश्यकता र चाहनाहरुको उचित व्यवस्थापन गर्नु गाउँपालिकाको प्रमुख जिम्मेवारी हो । मधेश प्रदेशको बारा जिल्लामा पर्ने साविकका ६ वटा गाविसहरु समावेश गरी निर्माण गरिएको यस करैयामाई गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाले भौगोलिक तथा सामाजिक समावेशीतालाई आधार मानी आफ्ना सेवाहरुको विकास तथा विस्तार गर्दै आएको छ । तर श्रोत, साधन र क्षमताको सिमितताका कारण करैयामाई गाउँपालिकाका नागरिकहरुले हालसम्म पूर्ण रुपमा संविधान प्रदत्त हकको उपयोग गर्दै स्थानीय शिक्षा नीतिको अभ्यास गर्न पाएका छैनन् ।

## ३. अवसर र चुनौती

### ३.१ अवसर

१. विद्यमान संवैधानिक व्यवस्था अनुसार आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी गाउँपालिकालाई प्राप्त हुनु ।
२. कानूनी व्यवस्था अनुसार पूर्व प्राथमिक शिक्षा/बाल बिकास कार्यक्रम र शैक्षिक क्षेत्र सुधार र पठनपाठन सम्बन्धी अधिकार गाँउपालिकाले प्राप्त गर्नु ।
३. राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको व्यबस्थापन र संचालनको अधिकार गाउँपालिकालाई प्राप्त हुनु ।
४. नीति, कानून, योजना र बजेट निर्माण गर्ने आधिकार गाउँपालिकालाई हुनु ।
५. संगठन संरचना र संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने अधिकार गाउँपालिकालाई हुनु ।
६. गाउँपालिकाले शिक्षालाई उच्च प्राथमिकतामा राख्नु ।
७. साझेदार र सहयोगी निकायहरुसंगको समन्वय, सहयोग र साझेदारी विकासमा शैक्षिक कार्यक्रम संचालन गर्ने अधिकार गाउँपालिकालाई प्राप्त हुनु ।
८. साझेदार र सहयोगी निकायहरुको शिक्षामा सहयोग रहनु ।

### ३.२ चुनौती

१. अभिभावक विहिन र जोखिमपूर्ण अबस्थामा रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र विद्यालयमा टिकाइ राख्नु ।
२. कमजोर आर्थिक अबस्था र चेतनास्तर कम भएका अभिभावकका बालबालिकाको कक्षा छाड्ने दर घटाउनु ।
३. परिवारको आर्थिक अवस्था कमजोर हुदा बालबालिकाहरु श्रममा लाग्न वाध्य हुनु ।
४. नागरिकको अपेक्षा अनुसार शैक्षिक सेवा प्रदान गर्न गाउँपालिकासंग श्रोत, साधन र क्षमता विकास गर्नु ।
५. शिक्षक-विद्यार्थी अनुपातमा सन्तुलन मिलाउनु ।
६. विद्यालय संख्या धेरै तर विद्यार्थी कम हुनु ।
७. कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने दर वढी हुनु ।
८. विद्यार्थी र अभिभावकको सोच, शिक्षाको गुणस्तर र नतिजाका कारण संस्थागत विद्यालयमा विद्यार्थीको चाप वढी हुनु र सामुदायिक विद्यालयमा चाप कम हुनु ।
९. विद्यालयमा भौतिक सुविधा कमजोर हुनु ।
१०. बालमैत्री विद्यालयको अवधारणा लागु गर्न नसक्नु ।

११. शैक्षिक सुधारका लागि सरोकारवालाहरुको अपनत्वको अभिवृद्धि गर्नु ।
१२. तहगत रुपमा योग्य र दक्ष प्रधानाध्यापक एवं शिक्षकको व्यवस्था गर्नु ।
१३. प्राबिधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गर्नु ।

## ३. नीतिको आवश्यकता

नेपालको संबिधानमा उल्लेखित शिक्षा सम्बन्धी मौलिक हकहरुको तथा नीतिको कायान्वयनको लागि स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको शिक्षा सम्बन्धी जिम्मेवारी पुरा गर्न आवश्यक रहेको छ । नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धि र अन्य कानूनहरुले समेत शिक्षा र विकासका विषयलाई महत्व दिएका छन् । दीगो विकासको लक्ष्य प्राप्ति प्रति नेपाल सरकारले देखाएको प्रतिबध्दता र लक्ष्य नं ४ अनुसार गुणस्तरीय शिक्षा प्राप्त गर्न, शिक्षा क्षेत्रको योजना २०२१-२०३० का लक्ष्यलाई भेटाउन स्थानीय तहहरुले आफुलाई प्राप्त जिम्मेवारी निर्वाह गर्नु पर्ने हुन्छ । यसलाई मूर्तरुप दिन नेपालको संविधानले स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकालाई आधारभूत र माध्यमिक तहको शिक्षा सम्बन्धी अधिकार दिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, सामुदायिक सिकाई लगायतका विषयमा स्थानीय नीति तथा कानून वनाउने अधिकार स्थानीय सरकारलाई दिएको छ । साथै गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापनको जिम्मेवारी समेत स्थानीय सरकारमा रहेको छ । तसर्थ विपन्न तथा सीमान्तकृत वर्गका बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार र शिक्षामा सबै सहज र समतामुलक पहुँच शैक्षिक अधिकार सुनिश्चित गर्दै गाउँपालिकाको समग्र शैक्षिक अवस्था सुधार ल्याउन एक व्यवहारिक, सान्दर्भिक र नतिजामूखी शिक्षा नीतिको आवश्यकता महशुस गरी करैयामाई गाउँपालिकाले यो नीति कार्यान्वयनमा ल्याएको छ ।

## ४. दीर्घकालीन सोंच

"शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चतताः करैयामाईको समृद्धि, समता र समावेशिता" ।

## ५. लक्ष्य

गुणस्तरीय शिक्षामा विपन्न एवं सीमान्तकृत समुदाय लगायत सबै बालबालिकाहरुको पहूँच सुनिश्चित गर्दै करैयामाई गाउँपालिकाको समग्र शैक्षिक अवस्थामा सुधार गर्ने ।

## ६. उद्देश्यहरु

(१) आधारभूत तह उमेर समूहका सबै बालबाबालिका विद्यालयमा भर्ना भएका हुनेछन् ।
(२) विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने बालबालिकाको संख्यामा कमी आएको हुनेछ ।

(३) आधारभूत तहका बालबालिकाको सिकाइ उपलब्धीमा सुधार आएको हुनेछ ।

(४) माध्यमिक तह सम्मको शिक्षा र शैक्षिक उपलब्धिमा विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकाको पहुँच वृद्धि भएको हुनेछ ।

## ७. प्रमुख नीतिहरु

(१) यस शिक्षा नीतिलाई गाउँपालिकाको समग्र विकास नीति, आवधिक तथा बार्षिक योजना र बजेटसंग आवद्ध गरिनेछ ।

(२) नीति कार्यान्वयनको लागि शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, विकास साझेदारको सहयोगमा संचालित कार्यक्रम र प्रदेश तथा संघीय सरकारसंग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।

(३) प्रारम्भिक वाल विकास र शिक्षामा सवै वालवालिकाहरुको सर्वसुलभ पहुँच सुनिश्चित गरिनेछ ।

(४) विद्यार्थी भर्ना, आधारभूत तथा माध्यमिक शिक्षामा पहुँच वृद्धि र शैक्षिक उपलव्धि मापन गर्दा विपन्न र सिमान्तकृत वर्गका बालबालिकालाई आधार मानिनेछ ।

(५) वैकल्पिक विद्यालयहरुको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ ।

(६) शिक्षालाई जीवन उपयोगी,रोजगारीमुलक व्यवहारिक र समय सान्दर्भिक तथा प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

(७) स्थानीय आवश्यकता र व्यवहारिकतालाई आधार मानी विद्यालय मर्जर गर्ने वा ठूला विद्यालय (Big School) अवधारणा लागु गरिनेछ ।

(८) शिक्षक विकास र व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

(९) विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणलाई गुणस्तरीय तथा नियमित पठनपाठन र शिक्षक पेशागत विकासको पूर्व शर्तका रुपमा लिईनेछ ।

(१०) शिक्षक-विद्यार्थी-अभिभावक समन्वय, विद्यालय व्यवस्थापनमा सुधार र बालमैत्री शिक्षा प्रवर्द्धन गर्दै शैक्षिक सुशासन कायम गरिनेछ ।

(११) करैयामाई गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

(१२) निरन्तर शिक्षा, आजिवन सिकाई तथा जिविकोपार्जन कार्यक्रम सँचालन गरिनेछ ।

(१३) यस गाउँपालिका अन्तर्गत शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा आवश्यक प्राविधिक जनशक्ति तयारीका लागि आवश्यकता अनुसार विद्यार्थी सहायता र प्रोत्साहन कार्यक्रमहरु तर्जुमा गरी लागु गरिनेछ ।

(१४) विद्यालय शान्ति क्षेत्र, हरित र सफा सुघर विद्यालय, सुरक्षित विद्यालय, बालमैत्री विद्यालय, अपांगमैत्री विद्यालय र नमूना विद्यालयको अवधारणा अनुरुप विद्यालयहरुको पूर्वाधार निर्माण गर्दै लगिनेछ ।

(१५) शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता मासिक रुपमा विद्यालयबाट आवश्यक विवरणहरु, हाजिरी प्रमाणित र तलबी माग फाराम प्राप्त गरी सोझै निजहरुको खातामा निकासा गर्ने प्रबन्ध मिलाइनेछ ।

## ८. रणनीति तथा कार्यनीति

**रणनीति १: प्रारम्भिक बाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षामा सवै वालवालिकाको पहुँचवृद्धि गर्ने ।**

**कार्यनीतिहरु:**

१. विद्यालयमा आधारित बाल विकास केन्द्र (पूर्व प्राथमिक कक्षा) को मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
२. प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा एउटा प्रारम्भिक वाल विकास केन्द्र र कक्षा कोठाको विस्तार गरिनेछ ।
३. आवश्यकता अनुसार समुदायस्तरमा समेत बाल विकास  कार्यक्रम संचालन गरिनेछ ।
४. उमेर पुगेका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गरिनेछ ।
५. सामुदायिक विद्यालयका बालविकास केन्द्रमा “रमाउँदै र सिक्दै” अभियान शुरु गरिनेछ ।
६. बाल विकास केन्द्रहरुमा बालमैत्री बसाई व्यवस्थापन, छापामय कक्षाकोठा, उमेर सुहाउदो प्रविधिमैत्री सिकाइ सामाग्रीहरुको व्यवस्था गरिनेछ ।
७. बाल विकास केन्द्रका शिक्षहरुको सुविधा र सेवाका शर्तहरु समयानुकुल वनाई उनीहरुलाई अन्य कक्षाको पठनपाठनमा रोक लगाईनेछ ।
८. वाल विकास केन्द्रका शिक्षकहरुलाई बालविकास सम्वन्धी आधारभूत तथा पुनर्ताजकिय तालिमको व्यवस्था गरिनेछ ।
९. बालबालिकालाई पोषणयुक्त दिवाखाजा र नियमित स्वास्थ्य परीक्षणको व्यवस्थापन गरिनेछ ।
१०. बाल विकास केन्द्रमा भर्ना भएका बालवालिकाका अभिभावकहरुको लागि महिनाको एक पटक अभिभावक शिक्षा संचालन गरिनेछ ।
११. बाल विकास केन्द्रका शिक्षकहरुको द्विमासिक घुम्ति बैठक संचालन गरिनेछ ।
१२. आवश्यकता अनुसार बाल बिकास सहजकर्ताको दरबन्दि मिलान गरिनेछ ।

**रणनीति २: सबै विद्यालय बालमैत्री अवधारणामा संचालन गर्ने ।**

**कार्यनीतिहरु**



करैयामाई गाउँपालिका

१. बालमैत्री बिद्यालयको अवधारणा तथा कार्यान्वयन कार्यविधि तर्जुमा गरी यस अवधारणाको कार्यान्वयन गर्न सबै विद्यालयलाई आवश्यक श्रोत उपलव्ध गराईनेछ ।
२. विद्यालय सुधार योजना, वडा शिक्षा योजना र गाउँपालिका शिक्षा योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
३. सबै विद्यालयमा बाल क्लव एवं विद्यालयस्तरीय बाल संजाल गठन गरिनेछ ।
४. अन्तर विद्यालय खेलकुद प्रतियोगिता तथा शैक्षिक सुधार सम्वन्धी अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।
५. सवै विद्यालयमा सावुन, गम्छा, ऐना जस्ता अत्यावश्यक सामग्री सहित छात्र तथा छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था गरिनेछ ।
६. छात्रा शौचालयमा सेनिटरी प्याडको उपलव्धता र सेनिटरी प्याड विसर्जन गर्ने उपयुक्त व्यवस्था गरिनेछ ।
७. हरेक विद्यालयमा शैक्षिक सामाग्री, फर्निचर, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर, स्मार्ट बोर्ड, आदि जस्ता शैक्षिक पूर्वाधार र बालमैत्री तथा अपांगतामैत्री भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
८. कक्षा कोठामा अधिकतम् व्यवहारिक सूचना प्रविधिको प्रयोग गर्दै परम्परागत घोकन्ते तथा शिक्षक केन्द्रित विधिहरूमा परिवर्तन गरी प्रविधिमैत्री र बालमैत्री पठन पाठन गर्ने व्यवस्था मिलाईनेछ ।
९. शिक्षकहरुको क्षमता अभिबृद्धिको रुपमा द्विमासिक घुम्ति बैठक संचालन गरिनेछ ।
१०. बालमैत्री आचार सहिंता लागु गरी दण्ड रहितको शिक्षा सिकाइ सुनिश्चित गरिनेछ ।
११. कक्षाकोठामा बालमैत्री तथा अपाङ्गमैत्री बसाई व्यवस्थापन गरिनेछ ।
१२. छापामय कक्षा र बाल पुस्तकालयको व्यवस्था गरिनेछ ।
**१३.** बालमैत्री विद्यालयको सूचक तयार गरी विद्यालयहरुको मूल्यांकन गरिनेछ र सर्बोत्कृट विद्यालयलाई उचित सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।
१४. शिक्षकहरुको क्षमता अभिबृद्धिको रुपमा दोमासिक घुम्ति बैठक सँचालन गरिने ।
१५. विद्यालयहरुमा आचार सहिँता निर्माण गरि लागु गरि दण्ड रहितको शिक्षा सिकाइ सुनिश्ति गरिने छ
१६. सुरक्षित बसाई व्यवस्थापन -तल्ला कक्षाहरुमा भुई बसाई व्यवस्थापन तथ अन्य बालमैत्री तथा अपाँगमैत्री बसाई व्यवस्थापन गरिने छ ।,
१७. छापामय कक्षाको, बाल पुस्ताकालयको व्यवस्था गरिने छ ।
१८. प्रत्येक बिधालयमा स्वास्थय तथा पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने,
१९. प्रत्येक बिधालयमा स्वास्थय तथा पोषण सहजकर्ताको व्यवस्थापन भएको र तिनको क्षमता अभिबृद्धि भएको हुनेछ ,
२०. बिधालयमा स्वास्थय तथा पोषण कार्यक्रमलाई प्रभावकारी सँचालन तथा व्यवस्थापनको लागी रेजिष्टर व्यवस्थापन, स्वास्थय तथा पोषण सत्रहरु, कार्यगत सिमितिता भएका बालबालिकाहरु

जस्तै दृष्टि समबन्धि , बोलाई समबन्धि, सुनाई समबन्धि, शारिरीक कार्यगत सिमितिता पहिचान तथा सहयोगको लागी शिविर वा स्वास्थय कार्यक्रम सँचालन भएको हुनेछ ।

२१. बिधालयमा बालबालिकाको स्वास्थय अवस्थालाई ख्याल गरेर समय समयमा अनिवार्य खोप, डेभोमिन जस्ता औषधिको व्यवस्थापन, आईरन फोलिक एसिड आदिको व्यवस्थापन भएको हुनेछ ,

२२. बिधालयमा नियमित तरिकाले बालबालिकाले हात धुने स्टेशन तथा स्वचछ खानेपानीको व्यवस्थापन भएको हुनेछ ,

२३. बिधालयहरुमा अनिवार्यरुपमा प्राथमिक उपचार बक्सको व्यवस्थापन भएको हुनेछ ,

२४. बिधालयले बार्षिकरुपमा आफनो बिधालयको सँकटासन्नटा तथा क्षमता आँकलन गरेर जलवायु अनुकुलन तथा विपद व्यवस्थापन योजना निर्माण गरेको हुनेछ,

२५. बिधालयले आफनो बिधालयको सँरचनात्मक तथा गैरसँरचनात्मक जोखिमहरुको पहिचान गरेर बिधालयको जलवायु अनुकुलन तथा विपद व्यवस्थापन योजना समावेश गरेको हुनेछ,

२६. बिधालयमा बिधार्थीहरुको विपद जस्तै भुकम्प बाट सुरक्षाको लागी बिधालय स्तरीय कृत्रिम घटना अभ्यास गरेको हुनेछ,

२७. बिधालयले आफनो जलवायु उत्थानशिल तथा विपद व्यवस्थापन योजना लाई समय समयमा अध्याबधिक गरी पालिकासँगको समन्वयमा आर्थिक क्षोत तथा साधनको व्यवस्थापन भएको हुनेछ

## रणनीति ३: निशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा गुणस्तरीय माध्यमिक शिक्षा प्रदान गर्ने ।

**कार्यनीतिहरु**

१. विद्यालय उमेर समूहका सतप्रतिशत बालबालिकालाई विद्यालय भर्ना गरिनेछ ।
२. आधारभूत तहका विद्यार्थी तथा तिनका अभिभावकहरुबाट कुनै पनि प्रकारको शुल्क लिइने छैन ।
३. आधारभूत तथा माध्यमिक शिक्षामा सहकारी, सरकारी र निजी क्षेत्र साझेदारीको अभ्यास शुरु गरिनेछ ।
४. सामुदायिक विद्यालयहरुलाई सर्वसुलभ बनाई सबै बालवालिकालाई अनिवार्य आधारभूत शिक्षा प्रदान गरिनेछ ।
५. बिषयगत शिक्षक उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
६. शैक्षिक सत्र शुरु हुनु अगावै गाउँपालिकाको शिक्षा शाखाले शैक्षिक पात्रो प्रकाशन गर्नेछ ।
७. सबै सामुदायिक विद्यालयमा एउटै शैक्षिक पात्रो र एकै प्रकारको पाठयोजना लागू गरिनेछ ।
८. आधारभूत तह देखिनै अंग्रेजी, गणित, विज्ञान, कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइनेछ ।

९. माध्यमिक तहको शिक्षामा विपद् व्यवस्थापन र उत्थानशील पूर्वाधार जस्ता विषयहरूलाई समावेश गरिनेछ ।

१०. सबै विद्यालयमा वार्षिक न्यूनतम् १९० दिन पठनपाठन गरिनेछ ।

११. विद्यार्थीहरुको सिकाईलाई आधार मानि आवश्यक विषयमा ट्युसन, कोचिङ्ग वा अतिरिक्त कक्षा संचालन गरिनेछ ।

१२. प्रत्येक शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका जस्ता सन्दर्भ सामग्रीको अध्ययन गर्ने र पाठयोजना तयार गरी अध्यापन गर्ने व्यवस्था गरिनेछ ।

१३. पूर्व प्राथमिक कक्षा र आधारभूत देखि माध्यमिक तहको शिक्षालाई आवद्ध गरी निरन्तर सिकाईको आभास दिलाईनेछ ।

१४. विद्यालयमा विद्यार्थीको हाजिरी रेकर्डलाई व्यवस्थित गरी जङ्क फुड पुर्णरुपमा निशेध गरी दिवा खाजा कार्यक्रमलाई प्रभावकारी वनाईनेछ ।

१५. नियमित रुपमा कक्षा अवलोकन, नमुना प्रस्तुती तथा शिक्षक अन्तरक्रिया गरी शिक्षकहरुको क्षमता विकास गरिनेछ ।

१६. विद्यालयका शिक्षकहरूलाई विषय शिक्षकको रुपमा शैक्षिक डिग्री वा अध्यापन सिप विकास तालिम लिन प्रोत्साहित गरिनेछ ।

१७. प्रत्येक सामुदायिक विद्यालयमा आधारभुत शैक्षिक पूर्वाधार र जनशक्तिको व्यवस्था गरिनेछ ।

१८. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कोटा अनुसारको गरीब तथा जेहन्दार विद्यार्थी लाई छात्रवृत्ति अनिवार्य गरिनेछ ।

१९. विद्यार्थीहरूको मुल्यांकनमा एकरुपता कायम गर्न गाउँपालिकास्तरीय परीक्षा समिति गठन गरी इकाईगत, त्रैमासिक तथा वार्षिक परीक्षालाई व्यवस्थित गरिनेछ ।

२०. विज्ञ टोली गठन गरी प्रश्नपत्र मोडरेशनको जिम्मेवारी दिईनेछ ।

२१. हरेक विद्यालयको प्रथम, द्धितीय, तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूको उत्तरपुस्तिका संकलन गरी अध्ययन सामग्रीको रुपमा वितरण गरिनेछ ।

२२. शिक्षकको सहजीकरणमा विद्यार्थीहरुले समूह कार्य र परियोजना कार्य गरी विषय केन्द्रीत प्रस्तुतीकरण एवं स्वमूल्यांकन गर्ने परिपाटीको विकास गरिनेछ ।

२३. विद्यालय भर्ना भएका बालबालिकाको तह अनुसार सिकाइ उपलब्धीमा बृद्धि गरिनेछ ।

२४. संस्थागत र सामुदायिक विद्यालय विचको शैक्षिक गुणस्तरको अन्तर कम गर्न दुवै पक्षविच सहकार्य गर्ने व्यवस्था मिलाईनेछ ।

२५. शिक्षक मेन्टरिङ्ग र शिक्षक पेशागत विकास कार्यक्रम कार्यान्वयन गरिनेछ

२६. संस्थागत/निजी विद्यालय को व्यवस्थापन सुधार र शैक्षिक गुणस्तर कायम गर्न विद्यालय दर्ता स्वीकृती र नियमित अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति ४: विद्यार्थीलाई विद्यालयमा टिकाईराख्न विद्यालय-अभिभावक सम्वन्ध विकास गर्ने ।**

**कार्यनीतिहरु:**

१. सामुदायिक विद्यालयका छात्राहरूको विद्यालय छोड्ने र कक्षामा अनुपस्थित हुने दर कम गर्न अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
२. समुदायका अगुवा, अग्रज एवं अनुभवी व्यक्तिहरूको सीप, दक्षता र अनुभव आदान-प्रदान गर्ने विधि सहितको अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ ।
३. विपन्न तथा सीमान्तकृत वर्ग एवं शारिरीक, बौद्धिक तथा मानसिक समस्यामा रहेका विद्यार्थी र तिनका अभिभावकको लागि समूह लक्षित परिवार सहायता कार्यक्रम लागू गरिनेछ ।
४. विद्यालयमा कक्षागत तथा तहगत रुपमा अभिभावक भेला गरिनेछ ।
५. हरेक महिना विद्यार्थीहरूले गरेका असल कामहरू प्रदर्शन गरी विद्यार्थी र अभिभावकलाई प्रोत्साहन गरिनेछ ।
६. नियमित रुपमा प्रधानाध्यापक, बालक्लव संजाल, शिक्षक र अभिभावकको संयुक्त बैठक/भेला आयोजना गरिनेछ ।
७. बाल क्लवको क्षमता विकास गरी टोल/वस्ती तथा घर-घरमा शैक्षिक जनचेतनामूलक सन्देश एवं सूचना प्रवाह गरिनेछ ।
८. विद्यालय निरन्तरताको लागि बालबालिकाको हाजिर कार्ड लागु गरिनेछ ।
९. आवश्यकता अनुसार तल्लो तहका बालबालिकाका लागि घर सिकाइ क्षेत्र स्थापना गर्न सहयोग गरिनेछ ।
१०. REAL Plan लाई प्रभावकारी रुपमा लागु गरिनेछ ,
११. बिधार्थीको लागी प्रोत्साहन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ

**रणनीति ५: विपन्न एवं सीमान्तकृत वर्गका बालबालिका केन्द्रीत आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रम संचालन गर्ने ।**

**कार्यनीतिहरु:**

१. विपन्न एवं सीमान्तकृत परिवारको पहिचान गरी अभिलेखिकरण गरिनेछ ।
२. विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकालाई लक्षित गरी विद्यालय भर्ना अभियान संचालन गरिनेछ ।
३. निर्धारित समयमा शिक्षक र विद्यार्थी कक्षा कोठामा उपस्थित हुने, सिकाई सरल र सहज वनाउने र सफल सिकाईको अनुसरण गर्ने व्यवस्था मिलाईनेछ ।
४. दिनभर श्रम गर्ने, बैदेशिक रोजगारीमा जाने र पारिवारिक समस्यामा रहेका अभिभावकका बालबालिकाको सम्पर्कमा रही उनीहरुलाई विद्यालय जान हौसला वढाउने, सिक्ने, सिकाउने

प्रकृयामा थप सहजीकरण गर्ने र शैक्षिक सामग्री तथा सहायता उपलव्ध गराउने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनेछ ।

५. भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गरिनेछ ।
६. प्राविधिक एवम् व्यवसायिक शिक्षा अध्ययन गर्ने विपन्न तथा सिमान्तकृत वर्गका बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
७. माध्यमिक तहमा अध्ययनरत सामुदायिक विद्यालयका बालबालिकाको लागि पढ्दै-कमाउँदै एवं कमाउँदै-पढ्दै कार्यक्रम संचालन गरिनेछ ।
८. आधारभूत र माध्यमिक तह उत्तिर्ण हुने विपन्न तथा सीमान्तकृत वर्गका बालबालिका तथा तिनका अभिभावकलाई सम्मान गरिनेछ ।
९. सम्बन्धित साझेदार एवं सहयोगी निकाय र सरोकारवालाहरुसंग समन्वय र सम्वन्ध विकास गरि थप श्रोत जुटाईनेछ ।

## रणनीति ६: बहुभाषा शिक्षा संचालन गरि तल्ला तहका बालबालिकाको सिकाइ उपलब्धीमा बृद्धि गर्ने ।

**कार्यनीतिहरु**

१. विद्यार्थीहरुलाई स्थानीय आवश्यकता अनुसारको सिप हस्तान्तरण गर्न स्थानीय पाठ्यक्रम ( बहुभाषित शिक्षण सिकाइ) तयार गरी पठनपाठन गरिनेछ ।
२. स्थानीय भाषा (भोजपुरी) सहितको बहुभाषा शिक्षण सिकाइ अभ्यास लागु गरिनेछ ।
३. भाषा विज्ञहरुको एक समिति गठन गरी आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम तयार गरिनेछ ।
४. पाठ्यक्रम तथा पाठ्यपुस्तक छपाई गरी निशुल्क वितरण गरिनेछ ।
५. स्थानीय पाठ्यक्रम अनुसार कक्षा संचालनको लागि शिक्षकहरुलाई आवश्यक तालिम दिईनेछ ।
६. तोकिएको विधि अनुसार अध्ययन, अध्यापन र परीक्षा संचालन गरी बहुभाषा शिक्षालाई विद्यालय शिक्षाको एक अंगको रुपमा विकास गरिनेछ ।

## रणनीति ७: प्राविधिक शिक्षा र व्यवसायिक तालिममा पहुँच वृद्धि गर्ने ।

**कार्यनीतिहरु**

१. प्राबिधिक शिक्षा तथा व्यबसायिक सीपको नक्साङ्कन गरी आवश्यकता अनुसार प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम/केन्द्रहरु संचालन गरिनेछ ।

२. विद्यालय छोडेका बालबालिकाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्दै मागमा आधारित सीपयुक्त तालिम संचालन गरी स्थानीय रोजगारी तथा स्वरोजगारको अवसर सृजना गरिनेछ ।
३. विद्यालय शिक्षालाई व्यवसायिक तथा सिपमूलक बनाईनेछ ।
४. विद्यालय शिक्षामा निरन्तरता दिन सहयोग पुग्ने गरी माध्यमिक तहका गरिव तथा विपन्न वर्गका विद्यार्थीहरुलाई आयआर्जन कार्यक्रममा आवद्ध गरिनेछ ।
५. प्राबिधिक शिक्षालाई प्रयोगात्मक र व्यवहारिक बनाउन उद्योगी तथा व्यवसायिहरुसंग सहकार्य गरिनेछ ।

**रणनीति ८ः विद्यालयमा सुशासन कायम गर्ने ।**

**कार्यनीतिहरु**

१. विद्यालय सुधार योजना तयार गरी नियममित रुपमा विद्यालय संचालन गर्न आवश्यक सहयोग गरिनेछ ।
२. संस्थागत एवं सामुदायिक तर्फका सवल र कमजोर विद्यालय वीच व्यवस्थापन सहकार्यको थालनी गरिनेछ ।
३. विषयगत क्लष्टरको आधारमा सवैभन्दा उत्कृष्ट अंक वा जिपिए हासिल गर्ने गराउने शिक्षक तथा विद्यार्थीलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।
४. रिक्त स्थानमा शिक्षक, कर्मचारी नियुक्त गर्दा नविनतम् सिप र ज्ञानका सवालहरु समेटेर प्रश्न पत्र तयार गरिनेछ ।
५. यथार्थपरक आय व्यय राख्न अनलाईनमा आधारित लेखा प्रणाली लागू गरी विद्यालयको आय र व्यय पारदर्शी गरिनेछ ।
६. विद्यालयहरुको वार्षिक लेखा परिक्षणको लागि आवश्यक प्राविधिक सहयोग गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुले आम्दानि तथा खर्चको विवरण आफ्नो वेबसाईटमा राखी यसलाई अध्यावधिक गर्ने अनिवार्य व्यवस्था गरिनेछ ।
८. विद्यालयको वडापत्र तयारी, सामाजिक परिक्षण, प्रधानाध्यपक-शिक्षक-विद्यार्थी अन्तरक्रिया जस्ता सामाजिक जवाफदेहिता सम्वन्धी कार्यहरु संचालन गरिनेछ ।
९. बिधालय नक्शाँकनको आधारमा विद्यार्थी संख्या कम भएका विद्यालयलाई नजिकैको विद्यालयमा मर्ज गरी शिक्षक-विद्यार्थी अनुपात मिलान गरिनेछ ।
१०. मर्ज भएका विद्यालयको भवन तथा अन्य पुर्वाधारलाई पुस्तकालय, अध्ययन केन्द्र, बाल क्लव/बाल संजालको कार्य कक्ष जस्ता उपयोगी कार्यमा प्रयोग गरिनेछ ।
११. बालमैत्री घोषणा भएका विद्यालयलाई सम्मान र पुरस्कृत गरिनेछ ।
१२. आधारभूत तहमा सिकाई दर वृद्धि गर्न प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई जवाफदेही वनाईनेछ ।

१३. विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावक मात्र रहने गरी तोकिएकै समय र विधि अनुसार विद्यालय व्यवस्थापन समिति गठन/पुनर्गठन गरिनेछ ।
१४. विद्यालय व्यवस्थापन समितिमा बालक्लव/संजाल बाट कम्तिमा १ जना छात्रा सहित २ जना बालबालिका लाई आमन्त्रित सदस्य को रुपमा राखिनेछ ।
१५. अभिभावक-शिक्षक संघको नियमानुसार गठन तथा पुर्नगठन गरि सक्रिय भूमिका सुनिश्चित गरिनेछ ।
१६. बिधार्थी र शिक्षकको ड्रेसकोड प्रभावकारी कार्यान्वयन गरिनेछ ।
१७. शिक्षकहरुको कार्यसम्पादन मूल्यांकन र विद्यार्थीहरुले हासिल गरेको सिकाइ उपलब्धीको आधारमा शिक्षक तथा प्रधानाध्यापकलाई दण्डित र पुरस्कृत गरिनेछ ।

## रणनीति ९: विद्यालय व्यवस्थापन समितिको कामलाई प्रभावकारी वनाउने ।

**कार्यनीतिहरु**

१. विद्यालय व्यवस्थापन समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
२. विद्यालय व्यवस्थापन समितिको न्यूनतम् द्विमासिक बैठक बसि शैक्षिक सुधार सम्बन्धीका कार्यहरु गरिनेछ ।
३. छिमेकी स्थानीय तहका विद्यालय व्यवस्थापन समिति र अभिभावकवीच अन्तरक्रिया तथा अनुभव आदानप्रदान गरी साझा समस्या समाधानका लागि सहकार्य गरिनेछ ।
४. विद्यालय संचालन, गुणस्तर वृद्धि तथा नतिजामा सुधार गर्ने सवालमा विद्यालयको प्रधानाध्यापकलाई थप अधिकार तथा जिम्मेवारी दिइनेछ ।
५. तोकिएको जिम्मेवारी पुरा गर्न नसकेका शिक्षक, कर्मचारीहरूलाई निश्चित सेवा सुविधा दिई स-सम्मान विदा गर्ने नीति अवलम्बन गरिनेछ ।
६. विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुलाई विद्यालयको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न प्रोत्साहन गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुको समग्र पक्षहरुको सशक्तिकरण र सुदृढीकरणका लागि सरोकारवालाहरुलाई जिम्मेवार र जवाफदेही बनाउन “हाम्रो विद्यालय राम्रो विद्यालय”, “मेरो विद्यालय मेरो दायित्व” जस्ता अभियानहरु संचालन गरिनेछ ।

## रणनीति १०: अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी वनाउने ।

**कार्यनीतिहरु**

१. सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्न न्यूनतम् चौमासिक रुपमा अनुगमन र वार्षिक रुपमा मूल्यांकन गरिनेछ ।
२. अनुगमन तथा मूल्यांकन समिति/टोली/व्यक्ति वा अन्य कुनै संयन्त्र गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
३. अनुगमन तथा मूल्यांकनको लागि विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धी विषय समेत समेटीएको चेकलिष्ट (फारम) तयार गरिनेछ ।
४. अनुगमन तथा मूल्यांकनकर्ताले सोही चेकलिष्ट वमोजिमको सूचनाका आधारमा सुझाव सहितको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
५. गाउँ कार्यपालिकाले अनुगमन तथा मूल्यांकन प्रतिवेदन अध्ययन गरी उपयुक्त ठानेको सुझावहरु कार्यान्वयन गर्ने, गराउनेछ ।

## ९. नीति मूलप्रवाहीकरण

यस शिक्षा नीतिलाई गाउँपालिकाको समग्र शासकीय प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ । नीतिका कतिपय प्रावधानहरु अन्य विषय क्षेत्रहरुसंग समेत सम्बन्धित रहेको अवस्थामा यस नीतिलाई अलग्गै रुपमा हेर्न सकिदैन । तसर्थ गाउँपालिकाको आवधिक तथा वार्षिक योजना, बजेट, अन्य नीति र संस्थागत संरचनाहरुमा समेत यसलाई एकीकृत र मूलप्रवाहीकरण गरिनेछ ।

## १०. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनमा सहजीकरण गर्न देहायको समिति गठन गरिनेछ । नीति कार्यान्वयनमा यस समितिको प्रमुख भूमिका रहनेछ । समितिले कार्यपालिका र सम्वन्धित निकाय संग समन्वय, योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने कार्य गर्नेछ । नीति कार्यान्वयनको सिलसिलामा विद्यालयस्तरमा हुने गतिविधिको अनुगमन, समन्वय र प्रतिवेदन सम्बन्धी कार्य समेत यस समितिले गर्नेछ ।

**नीति कार्यान्वयन सहजीकरण समिति गठनः**

- सामाजिक विकास समितिका संयोजकः संयोजक
- प्रमुख प्रशासकीय अधिकृतः सदस्य
- गाउँपालिकाका शिक्षा शाखा प्रमुखः सदस्य सचिव

*(नोटः समितिले आवश्यकता अनुसार विज्ञ र साझेदार संस्थाका प्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ) ।*

## ११. वित्तीय व्यवस्था

यस नीति कार्यान्वयनको लागि गाउँपालिकाले आफ्नै श्रोत तथा साधनको परिचालन गर्नेछ । आवश्यक योजना एवं बजेटको व्यवस्था गरिनेछ । तापनी नीति तथा कानूनी व्यवस्था कार्यान्वयनको लागि आवश्यक मानव संसाधन विकास, वित्तीय व्यवस्था र संस्थागत क्षमता विकासका लागि गाउँपालिकाको श्रोत, साधन पर्याप्त नरहेको अवस्थामा संघ तथा प्रदेश सरकार एवं मातहतका निकाय, गैर सरकारी संस्था एवं अन्य साझेदार निकायहरुको सहयोग प्राप्त गर्न सकिनेछ ।

## १२. साझेदार निकायको भूमिका

संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई समेत सघाउ पुग्नेगरी करैयामाईगाउँपालिकाको शिक्षा नीति कार्यान्वयन गरिनेछ । यो नीति कार्यान्वयनमा सघाउ पुऱ्याउनु सम्बन्धित सबै सरोकारवाला र साझेदार निकायको कर्तव्य हुनेछ । मूलतः प्रमुख साझेदार निकायको भूमिका देहाय बमोजिम हुनेछ ।

**(क) करैयामाई गाउँपालिका:** नीति कार्यान्वयनको प्रमुख जिम्मेवारी करैयामाई गाउँपालिकाले लिनेछ। नीति कार्यान्वयनको लागि कानूनी व्यवस्था मिलाउने, योजना तर्जुमा गरी बजेटको व्यवस्थागर्ने, नीति कार्यान्वयनको लागि गाउँपालिका मातहतका कर्मचारी तथा विद्यालय लगायतका संस्थागत संयन्त्रहरु परिचालन गर्ने, नीति कार्यान्वयनको लागि वातावरण निर्माण गर्ने र नीति कार्यान्वयनको अनुगमन, नियमन, समीक्षा र मूल्यांकन सम्बन्धी कार्यहरु गाउँपालिकाले गर्नेछ । संघीय तथा प्रदेश सरकार, छिमेकी स्थानीय तह, बारा जिल्लामा रहेका संघ तथा प्रदेश सरकार मातहतका कार्यालय वा निकाय, जिल्ला समन्वय समिति, विकास साझेदार, गैर सरकारी संस्था, विद्यालय र निजी क्षेत्रसंग समन्वय गर्ने र आवश्यकता अनुसार सहकार्य गर्ने जिम्मेवारी समेत गाउँपालिकाको हुनेछ ।

**(ख) विद्यालय:** करैयामाई गाउँपालिका भित्र संचालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले यो नीति अवलम्वन गर्नेछन् । नीति कार्यान्वयनको लागि विद्यालय तहवाट गरिनुपर्ने कार्यहरु सम्पन्न गर्ने र गाउँपालिकाले निर्देश गरे वमोजिमका थप कार्य गर्ने वा कार्यक्रम संचालन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुको हुनेछ ।

**(ग) नेपाल सरकार र मधेश प्रदेश सरकार:** गाउँपालिकाले प्राथमिकता तोकेको विषयलाई सघाउ पुग्ने गरी आ-आफ्नो अधिकार क्षेत्रका नीति तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्ने । नीति कार्यान्वयनमा सघाउ पुऱ्याउन मातहतका निकायको सहयोग उपलब्ध गराउने ।

**(घ) विकास साझेदार र गैर सरकारी संस्था:** यो नीतिलाई सहयोग पुग्ने किसिमका कार्यक्रम तर्जुमा गर्ने । नीति कार्यान्वयनमा गाउँपालिका र विद्यालयले माग गरेको प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने र आ-आफ्ना योजना तथा कार्यक्रम संचालन गर्दा गाउँपालिका संग समन्वय गर्ने ।

## कानूनी व्यवस्था

प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही करैयामाई गाउँपालिकाले गाउँ पालिका शिक्षा ऐन र तत् विषयका कार्यविधि, निर्देशिका तर्जुमा लगायतका कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ। आवश्यक कार्यविधि कानून निर्माण प्रकृयामा आवश्यकता अनुसार साझेदार संस्थाहरुको सहयोग साथै बालबालिका र तिनका अभिभावक लगायत सरोकारवाला निकायको सहभागिता सुनिश्चित गरिनेछ।

## १३. अनुगमन तथा प्रतिवेदन

नीति कार्यान्वयनको प्राथमिक अनुगमन, सुपरीवेक्षण र प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको शिक्षा शाखाको हुनेछ। गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले योजना तथा कार्यक्रमका अलावा यस नीति कार्यान्वयन र उपलब्धिका वारेमा अध्ययन, अनुगमन र सुपरीवेक्षण गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ। आवश्यकता अनुसार जिल्ला समन्वय समिति, गाउँपालिकाको सामाजिक विकास समिति, शिक्षा समिति र गाउँपालिका अध्यक्ष लगायतका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत र तोकिएका कर्मचारी तथा विज्ञले समेत नीति कार्यान्वयनको अनुगमन गरी कार्यपालिकालाई आवश्यक सुझाव दिन सक्नेछन्।

## १४. अपेक्षित नतिजा/उपलब्धी

१. गाउँपालिकाभरका सबै विद्यालय बालमैत्री अवधारणा अनुसार संचालन भएका हुनेछन्।
२. विद्यार्थी भर्ना दर शतप्रतिशत हुनेछ।
३. कक्षा छोडने दर तीन प्रतिशत र कक्षा दोहोऱ्याउने दर पाँच प्रतिशत भन्दा कम हुनेछ।
४. सिकाई उपलब्धीमा उल्लेख्य वृद्धि भएको हुनेछ।
५. विपन्न एवं सीमान्तकृत वर्गका न्यूनतम् ७० प्रतिशत बालबालिकाले माध्यमिक तहको शिक्षा पुरा गर्नेछन्।

## १५. नीतिको पुनरावलोकन/समीक्षा/मूल्यांकन

यो नीति कार्यान्वयनको वार्षिक रुपमा समीक्षा गरिनेछ। समीक्षावाट देखिएको अवस्था बारेमा शिक्षा शाखाले सुधार र अबलम्बनका कार्यहरु गर्नेछ। नीति कार्यान्वयनका लागि आवश्यक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको वार्षिक योजनामा समावेश हुनेछ। नीति कार्यान्वयनको पाचौं वर्षमा स्वतन्त्र पक्षवाट मूल्यांकन गरिनेछ। मूल्यांकनवाट प्राप्त सुझावहरुको आधारमा नीतिमा सुधार गर्ने, निरन्तरता दिने वा नयाँ नीति तर्जुमा गर्ने निर्णय कार्यपालिकाले गर्नेछ।

## १६. नीति कार्यान्वयन कार्य योजना

| क्र.सं | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको शिक्षा नीति अनुमोदन गर्ने | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ माघ मसान्त | |
| २ | गाउँपालिकाको शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति गठन | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ फागुन | |
| ३ | बालमैत्री विद्यालय कार्यविधि निर्माण | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका बैठक | २०८१ चैत्र मसान्त | |
| ४ | संस्थागत विद्यालयको लगत अध्यावधी गर्ने | शिक्षा शाखा | विद्यालय | गाउँपालिका | २०८१ चैत्र | गरीब तथा जेहन्दार विद्यार्थी छात्रवृति सुनिश्चित |
| ५ | लक्षित समूह सहायता कार्यक्रम संचालन | शिक्षा शाखा | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | सबै वडा | २०८२ बैशाख | |
| ६ | विपन्न तथा सीमान्तकृत वर्ग पहिचान | विद्यालय | शिक्षा शाखा | कार्यपालिका बैठक | २०८२ बैशाख | |
| ७ | विद्यालय व्यवस्थापन समिति गठन/पूनर्गठन | कार्यपालिका | शिक्षा शाखा | विद्यालय | २०८२ बैशाख देखि नियमित | बाल संजालको प्रतिनिधि थप्ने |
| ८ | विद्यालय सुधार योजना तर्जुमा | सबै विद्यालय | शिक्षा शाखा | विद्यालय | २०८२ बैशाख | |
| ९ | प्रत्येक विद्यालयमा बाल क्लव तथा बाल संजाल गठन/पुनर्गठन | विद्यालय | सामाजिक विकास शाखा | सबै विद्यालय | २०८२ बैशाख देखि निरन्तर | |
| १० | बाल क्लव क्षमता विकास विकास कार्यक्रम | सामाजिक विकास शाखा | विद्यालय | विद्यालय | २०८२ बैशाख देखि निरन्तर | |
| ११ | विद्यालय अनुगमन चेकलिष्ट (फारम) तयारी | शिक्षा शाखा | अनुगमन समिति | कार्यपालिका | २०८२ बैशाख | |
| १२ | वडा शिक्षा योजना तर्जुमा | सबै वडा | शिक्षा शाखा | वडा | २०८२ असार मसान्त | |

| क.सं | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | नीति कार्यान्वयन बजेट तर्जुमा | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | शिक्षा शाखा | कार्यपालिका | गाउँपालिकाको वार्षिक योजना तर्जुमाको समय | |
| १४ | गाउँपालिका शिक्षा योजना तर्जुमा | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२ भदौ | |
| १५ | अभिभावक सहायता कार्यक्रमको निर्देशिका तयारी | कार्यपालिका | शिक्षा समिति | कार्यपालिका | २०८२ भदौ | |
| १६ | माध्यमिक तहमा पढ्दै-कमाउँदै र कमाउँदै-पढ्दै कार्यक्रम तर्जुमा | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ असोज | |
| १७ | साझेदार एवं सहयोगी निकायको बैठक | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | चौमासिक | |
| १८ | पूर्ण साक्षर गाउँपालिका अभियान संचालन | शिक्षा शाखा | कार्यपालिका, विद्यालय | घरपरिवार | निरन्तर | |
| १९ | बाल विकास केन्द्रको कक्षा कोठा सुधार | विद्यालय | शिक्षा शाखा | बाल विकास केन्द्र | २०८२/८३ देखि निरन्तर | |
| २० | बाल विकास केन्द्रका शिक्षकहरुको द्विमासिक घुम्ति बैठक | बाल विकास केन्द्र | शिक्षा शाखा | बाल विकास केन्द्र | २०८२ साउन देखि | |
| २१ | अतिरिक्त क्रियाकलाप संचालन | विद्यालय | व्यवस्थापन समिति | विद्यालय | साप्ताहिक | |
| २२ | शिक्षकहरुको द्विमासिक घुम्ति बैठक | प्रधानाध्यापक | शिक्षा शाखा | विद्यालय | २०८२ साउन देखि | |
| २३ | बालमैत्री आचार सहिता निर्माण | कार्यपालिका | विद्यालय | कार्यपालिका | २०८२ असोज | |
| २४ | शैक्षिक पात्रो प्रकाशन | शिक्षा शाखा | विद्यालय | विद्यालय | शैक्षिक सत्र शुरु हुनु अगावै | |
| २५ | ट्युसन, कोचिङ्ग वा अतिरिक्त कक्षा संचालन | विद्यालय शिक्षक | प्रधानाध्यापक | विद्यालय | निरन्तर | |
| २६ | कक्षा अवलोकन, नमुना प्रस्तुती तथा शिक्षक अन्तरक्रिया | प्रधानाध्यापक | शिक्षक | कक्षा कोठा | २०८२/८३ देखि निरन्तर | |

| क्र.सं | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| २७ | लक्षित परिवार सहायता कार्यक्रम | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२/८३ देखि निरन्तर | |
| २८ | प्रधानाध्यापक, बालक्लव संजाल, शिक्षक र अभिभावकको संयुक्त बैठक/भेला | प्रधानाध्यापक | व्यवस्थापन समिति | विद्यालय | २०८२/८३ देखि निरन्तर | |
| २९ | भाषा विज्ञहरुको समिति गठन र स्थानीय पाठ्यक्रम तयारी | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२ मंसिर | |
| ३० | प्रधानाध्यपक-शिक्षक-विद्यार्थी अन्तरक्रिया | प्रधानाध्यापक | शिक्षक | विद्यालय | २०८२/८३ देखि निरन्तर | |
| ३१ | विद्यालय अनुगमन | अनुगमन समिति | शिक्षा शाखा | विद्यालय | चौमासिक | |

**प्रमाणित गर्ने**

हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०८१/१०/२९

प्रमाणित कानुन पाना(पेज) संख्याः २०(बिस) मात्र

**आज्ञाले**

वीरेन्द्र महतो

नि.प्रमुख प्रशासकीय अधिकृत